जि.प्र.का. दर्ता नं. २८९।०५९।०६०
दर्ता मिति : २०५९/०८/०४

# मार्टिन चौतारीको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

असोज ६, २०८२ मा सम्पन्न २४ औँ वार्षिक साधारण सभाद्वारा पारित

## वैधानिक र प्रशासनिक जानकारी

| | |
|---|---|
| संस्थाको नाम | मार्टिन चौतारी |
| जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता नं. | २८९।०५९।०६० |
| समाज कल्याण परिषद्मा आबद्धता नं. | १७७२३ |
| स्थायी लेखा नम्बर (PAN) | ३०१७९०३२५ |

कार्यसमिति (पछिल्लो वार्षिक साधारणसभा भदौ २९, २०८१/सेप्टेम्बर १४, २०२४)

| | |
|---|---|
| अध्यक्ष | कुमार पाण्डे |
| उपाध्यक्ष | कैलाश रानी राई |
| सचिव | प्रणब खरेल |
| कोषाध्यक्ष | मनकुमारी ठाडा |
| सदस्य | प्रमोद भट्ट |
| | संगीता पाण्डे |
| | सुरेन्द्रमान शाक्य |

कार्यालय
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स १३४७०
काठमाडौँ, नेपाल

लेखा परीक्षक
प्रविण जोशी एन्ड कम्पनी
महाराजगञ्ज, काठमाडौँ
नेपाल

# विषयसूची


| पेज | शीर्षक |
|---|---|
| ४ | पृष्ठभूमि र सारांश |
| ६ | छलफल र प्रसार |
| ६ | छलफल, कार्यशाला र सम्मेलन |
| ९ | प्रकाशन |
| १० | मार्टिन चौतारी पुस्तकालय |
| १४ | अनुसन्धान र ज्ञान उत्पादन |
| १४ | राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासन पद्धति |
| १९ | ज्ञान उत्पादन र वितरण |
| २८ | प्रशासन |
| २८ | प्रशासन र वित्त |
| २९ | अनुगमन तथा मूल्यांकन |
| २९ | जनसम्पर्क र साझेदारी |
| ३० | अनुसूचीहरू |


MARTIN CHAUTARI KATHMANDU, NEPAL

## पृष्ठभूमि र सारांश

प्रस्तुत प्रतिवेदनमा मार्टिन चौतारीले आर्थिक वर्ष २०८१/८२ (साउन १, २०८१ देखि असार ३२, २०८२ तदनुसार जुलाई १६, २०२४ देखि जुलाई १६, २०२५) सम्म गरेका कार्य प्रगतिको विवरण समेटिएको छ । चौतारीले गर्दैआएका क्रियाकलापको प्रकृति अनुसार नै यस प्रतिवेदनलाई पनि विभिन्न खण्डमा विभाजन गरिएको छ । त्यस अनुसार पहिलो खण्डमा छलफल तथा प्रसार कार्य अन्तर्गत पर्ने चौतारीका छलफल, कार्यशाला तथा सम्मेलन एवं प्रकाशन र पुस्तकालय सम्बन्धी गतिविधिको विवरण समेटिएको छ । दोस्रो खण्डमा अनुसन्धान र ज्ञान उत्पादन कार्यसँग सम्बन्धित क्रियाकलाप समेटिएको छ । यस अन्तर्गत चौतारीका विभिन्न अनुसन्धान एकाइ/परियोजना अन्तर्गत भएका कामको फेहरिस्त छुट्टाछुट्टै उपखण्डमा वर्णित छ । मुख्य गरी चौतारीका विभिन्न अनुसन्धान परियोजनालाई *राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासनपद्धति* तथा *ज्ञान उत्पादन र वितरण* गरी दुई ओटा एकाइमा विभाजन गरिए अनुरूप नै यहाँ सम्बन्धित परियोजना अन्तर्गतका गतिविधिलाई तत् तत् उपखण्डमा समावेश गरी चर्चा गरिएको छ । अन्तिम खण्डमा चौतारीको प्रशासनिक गतिविधि अन्तर्गत प्रशासन र वित्त, अनुगमन तथा मूल्यांकन तथा जनसम्पर्क र साझेदारीसँग सम्बन्धित कार्यप्रगतिको विवरण उल्लेख गरिएको छ । साथै, चौतारीका क्रियाकलाप सम्बन्धी केही अनुसूचीलाई यो प्रतिवेदनको अन्तमा प्रस्तुत गरिएको छ ।

यो आ.व. मा १०२ ओटा नियमित छलफल र छ ओटा अतिरिक्त छलफल आयोजना गरिए । एउटा रिडिङ सेमिनार, चौतारी वार्षिक सम्मेलन र अन्य नौ ओटा विशेष कार्यक्रम सम्पन्न भए । सबैजसो नियमित तथा अतिरिक्त छलफल फेसबुक लाइभ मार्फत पनि प्रसारण गरिँदै आएको छ । यो वर्षका छलफलमा कुल १७३ जनालाई मुख्य वक्ताको रूपमा निम्त्याइयो, तीमध्ये ४४ प्रतिशत वक्ता महिला थिए । कोभिड-१९ महामारीको समय बाहेक हरेक वर्ष हुँदैआएको चौतारी वार्षिक सम्मेलनले यो वर्ष पनि निरन्तरता पायो । यो सम्मेलन यस वर्ष नोभेम्बर २७–२९, २०२४ (मंसिर १२-१४, २०८१) मा आयोजना गरियो जसमा ५२ ओटा अनुसन्धान पत्र प्रस्तुत गरिएका थिए । यस बाहेक एउटा रिडिङ सेमिनार पनि आयोजना गरियो ।

चौतारीले आयोजना गरेका नियमित तथा अतिरिक्त छलफलमा यो वर्ष कम्तिमा २,४७५ जनाले भाग लिए जसमा करिब २६ प्रतिशत सहभागीहरू महिला थिए । यस हिसावले हरेक नियमित/अतिरिक्त छलफलमा औषतमा २४ जनाले सहभागिता जनाएको देखिन्छ । कतिपय सहभागीहरूको नाम हाजिरी रजिस्टरमा छुट्ने हुनाले वास्तविक सहभागीहरूको संख्या योभन्दा केही धेरै हुन जान्छ । चौतारीका छलफलहरूमा सहभागीहरूको समग्र उपस्थिति गत वर्षभन्दा करिब ४०० ले बढी देखिएको छ । यस बाहेक चौतारीको युट्यूब च्यानलबाट पनि छलफल लाइभ गर्ने गरिएको छ, जस मार्फत पनि हरेक छलफलमा औषतमा छ जना जति सहभागीहरू जोडिने गरेका छन् । छलफल प्रत्यक्ष प्रसारण हुने गरेको चौतारीको पुरानो फेसबुक पेज ह्याक भई नयाँ पेज चलाउन थालेपछि उक्त पेजबाट लाइभ गर्दा केही प्राविधिक समस्या आएका कारण केही समयदेखि फेसबुक पेजबाट भने लाइभ गरिएको छैन । यद्यपि, मार्टिन चौतारीको युट्युब च्यानलका साथै फेसबुक आर्काइभमा पनि यी कार्यक्रम उपलब्ध छन् जसले अन्य समयमा पनि चौतारीमा हुने कार्यक्रम हेर्न/सुन्न सम्भव भएको छ । मार्टिन चौतारीका कतिपय नियमित तथा अतिरिक्त छलफल र कार्यशालाहरू आयोजना गर्ने क्रममा विगत वर्षहरूमा झैँ यस वर्ष पनि विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरियो ।

यो आर्थिक वर्षमा विभिन्न विषयका तीन ओटा पुस्तक, *समाज अध्ययन*का एक अंक र *सिन्हास* जर्नलका दुई अंक गरी छ ओटा पुस्तकाकार सामग्री प्रकाशित भए । तीन पुस्तकमध्ये एउटा पुस्तक यसअघि प्रकाशित पुस्तकको परिमार्जित संस्करण हो । त्यस्तै, चार अंक चौतारी त्रैमासिक बुलेटिन प्रकाशन गरियो । जयतु संस्कृतम् आन्दोलन सम्बन्धी महेशराज पन्तद्वारा लिखित पुस्तिका पनि मार्टिन चौतारीले प्रकाशन गर्ने तयारी गरेको छ जुन आउँदो वर्षको पहिलो त्रैमासिकभित्रै प्रकाशन हुनेछ ।

यस वर्ष चौतारीको पुस्तकालयमा करिब १,४२० थान पुस्तक तथा प्रतिवेदन थपिए भने चौतारी पुस्तकालयमा राखिएको आगन्तुक दर्ता किताबमा नाम लेखेका आधारमा पुस्तकालय प्रयोगकर्ताको संख्या करिब १,१०० थियो ।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

यो वर्ष मार्टिन चौतारीमा द एशिया फाउण्डेसनको आर्थिक सहयोग रहेको पैदल अनुसन्धान सम्बन्धी परियोजना शुरू गरिएको थियो, यद्यपि उक्त परियोजना विशेष कारणवश बीचमै रद्द भयो। गएका वर्षहरूमा सहयोग सम्झौता भएका विद्यालय शिक्षाको इतिहास सम्बन्धी अनुसन्धान र मार्टिन चौतारीलाई संस्थागत सहयोग सम्बन्धी दुई ओटा परियोजनाले निरन्तरता पाए।

मार्टिन चौतारी र यसले गर्ने नियमित गतिविधिहरूको दीगोपनका लागि वि.सं. २०८२ को अन्त सम्ममा पाँच करोड रुपैयाँ सहयोग उठाउने लक्ष्य सहित मार्टिन चौतारीका नाउँमा एउटा अक्षय कोष २०८० सालमा नै स्थापना गरिएको थियो। विभिन्न दाताहरूले गरेको सहयोग र बैंक बचतबाट प्राप्त ब्याज गरी यो कोषमा रु. ९५ लाख भन्दा बढी रुपैयाँ संकलन भएको छ।

यो वर्ष चौतारीको गतिविधिका लागि आवश्यकता र कार्य सम्पादन मूल्यांकनका आधारमा कार्यरत सबै कर्मचारीहरूको करारनामा एक वर्षका लागि नवीकरण गरिएको थियो। एक जना प्रशासन तर्फका कर्मचारीले भने व्यक्तिगत कारण देखाएर राजिनामा दिनुभयो। चौतारीका नियमित छलफल, कार्यशाला र सम्मेलन बाहेक बाहिरका अन्य संस्थाद्वारा आयोजित विभिन्न प्राज्ञिक कार्यक्रमहरूमा यो वर्ष चौतारीका पाँच जना अनुसन्धाताले १० ओटा आफ्ना अनुसन्धानमा आधारित प्रस्तुति दिनुभयो। साथै, चौतारीका अनुसन्धाताहरूलाई त्यस्ता कार्यक्रममा सहभागिता जनाउनका लागि पनि प्रोत्साहित गरियो। त्यस क्रममा सहभागिताका लागि तिर्नु परेको दर्ता शुल्क चालु परियोजनाबाट चौतारीले बेहोऱ्यो। त्यस्तै, चौतारीका अनुसन्धाता र सदस्यहरूका गरी करिब चार दर्जन लेख रचना तथा अन्तर्वार्ता विभिन्न पत्रपत्रिका तथा अनलाइनमा यो वर्ष छापिए।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

## १। छलफल र प्रसार

### १.१। छलफल, कार्यशाला र सम्मेलन

#### *१.१.१। नियमित छलफल शृंखला*

मार्टिन चौतारी आफैले वा अन्य संस्था/समूहसँग मिलेर संयुक्त रूपमा सातामा दुई दिन (आइतबार र मंगलबार) आयोजना गर्दै आएका छलफल शृंखलाले यस वर्ष पनि निरन्तरता पाए। आइतबार र मंगलबार हुने नियमित छलफल तथा अन्य बारहरूमा चौतारी एक्लै वा सहकार्यमा भएका अतिरिक्त छलफल समेत गरी आ.व. २०८१/०८२ मा कुल १०२ ओटा छलफल भए। यीमध्ये ४६ ओटा आइतबारे छलफल भए जसमा अनुसन्धानमा आधारित प्रस्तुति तथा पुस्तक छलफल भएका थिए। त्यस्तै, ५० ओटा समसामयिक विषयमा मंगलबारे छलफल भए। साथै, छ ओटा अतिरिक्त छलफल पनि भए। छलफलको दिन सार्वजनिक विदा; चाडपर्व र चौतारीमा आयोजना भएका विशेष सेमिनार, कार्यशाला तथा कार्यक्रम परेका कारण यो वर्ष छ ओटा आइतबारे र तीन ओटा मंगलबारे छलफल भने हुन सकेनन्।

चौतारीले छलफल आयोजनाको सिलसिलामा विगतमा झैँ यो वर्ष विभिन्न ११ ओटा अन्य संस्था/समूहसँग सहकार्य र सात ओटा संस्था/समूहलाई विविध कार्यक्रमको लागि सभाकक्ष उपलब्ध गरायो। तीमध्ये विगतदेखि सहकार्य गर्दै आएका डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल सँगको सहकार्यमा "डेमोक्रेसी डायलग"; ऊर्जा खबर सँगको सहकार्यमा "ऊर्जा नीति संवाद" अनि गत वर्षदेखि कर्णाली डिस्कोर्स सोसाइटी सँगको सहकार्यमा "कर्णाली डिस्कोर्स" का लागि सहकार्य भए। नेपाल मधेश फाउन्डेसन सँगको सहकार्यमा लामो समयदेखि नियमित सञ्चालन हुँदैआएको मासिक "मधेश छलफल शृंखला" भने सह-आयोजक नेपाल मधेश फाउन्डेसनको अनुरोधमा यो आ.व. को शुरूदेखि स्थगित गरियो।

यस बाहेक सोसल साइन्स बहाः, नर्थ साउथ कलेक्टिभ्स; Association for Nepal and Himalayan Studies-Kathmandu Center; Vajra Books; South Asia Institute Kathmandu Branch Office of Heidelberg University; खाद्यको लागि कृषि अभियान; क्लिन इनर्जी नेपालसँग विभिन्न छलफलमा सहकार्य गरियो। यस बाहेक नेपाल दर्शन अध्ययन समाज; बृहत् नागरिक आन्दोलन; "चकटी बहस" का लागि बुकहोलिक्स; Discourse for Dignity का लागि डिग्निटी इनिसियटिभ; Palestine Solidarity Nepal Coordination Committee; Cycle City Network Nepal; Film Critics Society Nepal (FICSON) लाई विविध विषयमा छलफल चलाउन वा फिल्म देखाउन चौतारीले आफ्नो सभाकक्ष उपलब्ध गरायो। विगत करिब एक दशकदेखि चौतारीले सभाकक्ष उपलब्ध गराउँदै आएको नेपाल दर्शन अध्ययन समाजद्वारा सञ्चालित "दर्शन छलफल शृंखला" आयोजकले मे २, २०२५ देखि स्थगित गरे।

*छलफलका वक्ता र सहभागी*

यो वर्ष आयोजना भएका छलफलहरूमा जम्मा १७३ जना (तीन जना सहजकर्ता समेत) लाई मुख्य वक्ताको रूपमा निम्त्याइएको थियो; जसमा ९७ जना (५६ प्रतिशत) पुरुष र ७६ जना (४४ प्रतिशत) महिला थिए। अघिल्ला दुई वर्षको तथ्यांक हेर्ने हो भने आ.व. २०८०/०८१ मा ६४ प्रतिशत पुरुष र ३६ प्रतिशत महिला वक्ता र आ.व. २०७९/०८० मा ५८ प्रतिशत पुरुष र ४२ प्रतिशत महिला वक्ता थिए। यसरी अघिल्लो वर्षको तुलनामा महिला वक्ता आठ प्रतिशतले र दुई वर्ष अघिको तुलनामा दुई प्रतिशतले बढेको देखिन्छ।

यो वर्ष आइतबारे छलफल शृंखलामा पुरुषभन्दा महिला वक्ताको संख्या बढी रह्यो। मंगलबारे छलफल शृंखलामा भने विगत वर्षझैँ पुरुष वक्ताको संख्या बढी देखियो। आइतबारे छलफल शृंखलामा कुल वक्ताहरूमध्ये ४५ प्रतिशत पुरुष र ५५ प्रतिशत महिला; तथा मंगलबारे छलफल शृंखलामा ६६ प्रतिशत पुरुष र ३४ प्रतिशत महिला वक्ता थिए। अघिल्ला वर्षहरूमा झैँ मार्च महिनामा चौतारीका नियमित छलफलका सबै वक्ता महिला थिए। चौतारीमा विगतमा आयोजना भएका सबै नियमित र अतिरिक्त छलफलको विस्तृत विवरण यो लिंक https://martinchautari.org.np/public/events/past मा उपलब्ध छ।

आ.व. २०८१/०८२ मा कुल २,४७५ जना चौतारीद्वारा आयोजित छलफलमा सहभागी भए । यसरी हेर्दा प्रत्येक छलफलमा सरदर २४ जनाको उपस्थिति देखिन्छ । जम्मा सहभागीमध्ये १,८२२ जना (करिब ७४ प्रतिशत) पुरुष र ६५३ जना (करिब २६ प्रतिशत) महिला थिए । चौतारीमा नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति रजिस्टरमा आफ्नो नाम दर्ता गराएको आधारमा यो संख्या निकालिएको हो । छलफलमा उपस्थित हुने सहभागी सबैले नाम लेख्ने कार्य स्वेच्छिक भएकाले छलफलमा भाग लिने वास्तविक सहभागी संख्या योभन्दा केही बढी हुन्छ । यसमा चौतारीको सभाकक्ष प्रयोग गरी अरूले नियमित रूपमा आयोजना गरेका (शुक्रबार हुने) छलफलका सहभागीहरूको संख्यालाई गणना गरिएको छैन । तथापि यो संख्या कोभिड-१९ अगाडि चौतारीमै आयोजना गरिएको छलफलमा हुने उपस्थितिभन्दा कम र विगत तीन वर्षको तुलनामा भने बढी हो ।

चौतारी छलफल शृंखलाको सहभागी सम्बन्धी विवरण (आर्थिक वर्ष २०८१/०८२)

| छलफल शृंखला | कुल कार्यक्रम संख्या | पुरुष | | | महिला | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल संख्या | प्रतिशत | औसत दैनिक सहभागी संख्या | कुल संख्या | प्रतिशत | औसत दैनिक सहभागी संख्या | कुल संख्या | औसत दैनिक सहभागी संख्या |
| आइतबारे छलफल शृंखला | ४६ | ६९४ | ७३ | १५ | २५६ | २७ | ६ | ९५० | २१ |
| मंगलबारे छलफल शृंखला | ५० | १०४१ | ७५ | २१ | ३४० | २५ | ७ | १३८१ | २८ |
| अतिरिक्त छलफल | ६ | ८७ | ६० | १५ | ५७ | ४० | १० | १४४ | २४ |
| जम्मा | १०२ | १८२२ | ७४ | १८ | ६५३ | २६ | ६ | २४७५ | २४ |

*छलफलको प्रचार प्रसार*

चौतारीले आफ्नो सामाजिक सञ्जाल (एक्स/फेसबुक/इन्स्टाग्राम/युट्युब) लाई प्रचारप्रसारको मुख्य माध्यम बनाउँदै आएको छ । यहाँ हुने अधिकांश छलफलमा वक्ताले गरेका प्रस्तुति उहाँहरूसँग स्वीकृति लिएर चौतारीको फेसबुक र युट्युब च्यानल मार्फत प्रत्यक्ष प्रसारण गर्ने गरिएको थियो । तर डिसेम्बर ९, २०२२ का दिन मार्टिन चौतारीको आधिकारिक फेसबुक पेज (www.fb.com/martinchautari) ह्याक भयो । हरसम्भव प्रयास गर्दा पनि यो पेज पुनर्स्थापित गर्न सकिएको छैन । चौतारीले फेसबुकमा आफ्नो सूचना/जानकारी राख्न नयाँ फेसबुक पेज (www.fb.com/martinchautari.f) खोलेको थियो । यो वर्ष फेसबुकले ल्याएको नियमको कारण चौतारीको कार्यक्रमको लाइभ गर्दा विभिन्न समस्या देखिएकोले फेसबुक पेजबाट केही कार्यक्रम मात्र लाइभ हुनसक्यो । चौतारीको अधिकांश छलफलको प्रत्यक्ष प्रसारण युट्युब च्यानल (https://www.youtube.com/mchautari) बाट भयो । यसको लागि जो कोहीले यही युट्युब च्यानलमा गएर चौतारीको कार्यक्रमको अभिलेखालय हेर्न/सुन्न सकिन्छ । चौतारीले प्रत्यक्ष प्रसारण गरेका कार्यक्रम नयाँ फेसबुक पेज (www.fb.com/martinchautari.f/video) मा पनि अभिलेखका रूपमा उपलब्ध छ ।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

### १.१.२। चौतारी वार्षिक सम्मेलन, सन् २०२४

चौतारीले नियमित रूपमा आयोजना गर्ने चौतारी वार्षिक सम्मेलन यो वर्ष नोभेम्बर २७–२९, २०२४ (मंसिर १२–१४, २०८१) मा आयोजना गरेको थियो। सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने व्यक्तिगत प्रस्तुति र प्यानलका रूपमा प्रस्तुति दिन एब्स्ट्र्याक्ट आह्वान गर्दै जनवरी १८, २०२४ मा सूचना जारी गरिएको थियो। निर्धारित मिति जुन २०, २०२४ सम्ममा ८६ ओटा (छ प्यानल सहित) एब्स्ट्र्याक्ट प्राप्त भयो। प्यानल एब्स्ट्र्याक्ट सहित ८२ ओटा एब्स्ट्र्याक्ट प्रस्तुतिका लागि छनोट गरिएको थियो। यीमध्ये तोकिएको दिनसम्म ५५ ओटा मात्र कार्यपत्र बुझाइए, यसमध्ये ३ जनाले विविध कारणले प्रस्तुति दिन आउन नसक्ने जानकारी गराए। यसको कारण चौतारी वार्षिक सम्मेलन – सन् २०२४ मा ५२ ओटा अनुसन्धानपत्र प्रस्तुत गरिए। प्राप्त अनुसन्धान पत्रहरूमा प्राय: हरेकमा ३ कार्यपत्र समेटेर १८ ओटा विषयगत सेसन/प्यानल बनाइएको थियो। यस बाहेक ३ ओटा खुला (पब्लिक) सेसन सञ्चालन भए। पहिलो दिनको खुला सेसनमा चौतारीले प्रकाशन गरेको पुस्तक नेपाल इन द नाइन्टिजमाथि छलफल राखिएको थियो। प्रनव खरेलले मोडरेट गरेको सो छलफल कार्यक्रममा मञ्जुश्री थापा र सीके लालले पुस्तक उपर चर्चा गर्नुभएको थियो। दोस्रो दिनको खुला सेसन अन्तर्गत टोरन्टो विश्वविद्यालयकी प्राध्यापक क्याथरिन न्यान्किनले कि-नोट एड्रेस दिनुभएको थियो। तेस्रो दिनको खुला सेसनमा मानवशास्त्री सिङ लीले स्ट्याण्ड अप प्रस्तुती दिनु भएको थियो। सबै खुला सेसनमा जोसुकैले नि:शुल्क सहभागी हुन सक्ने व्यवस्था थियो।

हरेक सेसनमा प्रस्तुत हुने पेपरमाथि समग्र टिप्पणी गर्न र सेसन सञ्चालन गर्न सेसनपिच्छे एक-एक जना सहजकर्ता तोकिएको थियो। सबै प्रस्तोता र सेसनका सहजकर्ता गरी जम्मा ७६ जना सहभागीमध्ये ४१ जना पुरुष र ३५ जना महिला थिए। तीमध्ये १४ महिला र आठ पुरुष गरी कुल २२ जना विदेशी प्रस्तोता र सहजकर्ता थिए। मार्टिन चौतारीका अनुसन्धाता, कर्मचारी र सदस्यहरूलाई निःशुल्क सहभागिताको व्यवस्था थियो। यस बाहेक १४४ जनाले शुल्क तिरेर नाम दर्ता गरे। सहभागिताका लागि प्रतिव्यक्ति रु. ७०० शुल्क तोकिएको थियो। सम्मेलनमा सबै गरी पहिलो दिन पहिलो दिन १६७ (पुरुष ८८ र महिला ७९); दोस्रो दिन १२० (पुरुष ६१ र महिला ५९); र तेस्रो दिन ९८ (पुरुष ४६ र महिला ५२) जना उपस्थित रहेको थियो। यो हाजिर कपिमा गरेको दस्तखतको आधारमा लिएको हो, हाजिर कपिमा दस्तखत नगर्ने सहभागी पनि भएको हुँदा, सहभागी संख्या यो भन्दा बढी थियो। सम्मेलन सम्बन्धी थप विवरण अनुसूची १ मा दिइएको छ साथै यो लिंक मार्फत पनि प्राप्त गर्न सकिन्छ: https://martinchautari.org.np/events/chautari-annual-conference-2024

### १.१.३। रिडिङ सेमिनार

चौतारीले सन् २०१५ देखि नै विभिन्न विषयमा रिडिङ सेमिनारहरू आयजना गर्दैआएको छ। यो वर्ष पनि त्यस्तो एउटा रिडिङ सेमिनार आयोजना गरियो। Unravelling New Layers of Caste: Embodiment, Affect, Emotion, and Performative शीर्षकमा अगस्ट ७ देखि सेप्टेम्बर ११, २०२४ सम्म (प्रत्येक बुधबार) कुल छ सेसनको सेमिनार आयोजना गरिएको थियो। युनिभर्सिटी अफ पिट्सबर्ग, अमेरिकाबाट मानवशास्त्रमा विद्यावारिधि गरेका र हाल Association of Nepal and Himalayan Studies - Kathmandu Center (ANHS-KC) का अध्यक्ष अमर बि.क. ले यो रिडिङ सेमिनारको संयोजन गर्नुभएको थियो। यो सेमिनारमा १३ जनाले नाम दर्ता गरी सहभागिता जनाए, ज़समा नौ जना महिला थिए।

### १.१.४। विशेष सेमिनार र कार्यशाला

नियमित वा अतिरिक्त दिनमा हुने छलफलका अलावा चौतारीले यस आ.व. मा सेमिनार, कार्यशाला, सम्मेलन, आदि गरी नौ ओटा विशेष कार्यक्रम आयोजना गऱ्यो। यी चौतारीकै कुनै परियोजनाको आवश्यकता अनुसार वा परियोजनाभित्र नपरे पनि चौतारीले आवश्यक ठानेर सञ्चालन गरिएका आधा दिने, एक दिने वा त्यसभन्दा लामा कार्यक्रम हुन्। विशेष सेमिनार तथा कार्यशालाको विवरण अनुसूची २ मा दिइएको छ।

### १.२। प्रकाशन

यो आर्थिक वर्षमा विभिन्न विषयका तीन ओटा पुस्तक, *समाज अध्ययन*को एक अंक र *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* (सिन्हास) जर्नलको दुई अंक गरी छ ओटा पुस्तकाकार सामग्री प्रकाशित भए। त्यस्तै, चौतारी त्रैमासिक बुलेटिनका चार अंक प्रकाशन गरियो। प्रकाशित पुस्तकमध्ये कर्णाली सम्बन्धी जगन्नाथ अधिकारीद्वारा लिखित *Food Crisis in Karnali: A Historical and Politico-economic Perspective* (सन् २००८) को परिमार्जित संस्करण हो। यो संस्करणको काम अघिल्लै वर्ष शुरू भएको भए तापनि यो वर्ष प्रकाशन गरिएको हो। चौतारीले पछिल्ला वर्ष प्रकाशन गरेका विद्यालय शिक्षा सम्बन्धी चार ओटा पुस्तकमध्ये दुई पुस्तक यो वर्ष "आउट अफ स्टक" भएका छन्। त्यस्तै, शिक्षा इतिहास सम्बन्धी अर्को एक पुस्तकको "स्टक" पनि यो वर्ष सकिने देखिन्छ।

यस वर्ष प्रकाशित पुस्तक/जर्नल निम्नानुसार छन् :

१) *फुड क्राइसिस इन कर्णाली : अ हिस्टोरिकल एण्ड पोलिटिको-इकोनोमिक पर्सपेक्टिभ*

चौतारीका पूर्व अध्यक्ष जगन्नाथ अधिकारीले लेख्नुभएको यो पुस्तक सन् २००८ मा पहिलो पटक चौतारीबाटै प्रकाशन भएको थियो। यो पुस्तकका छापिएका सबै प्रति केही वर्षअघि नै बिक्री वितरण भइसकेको हुनाले पछिल्लो समय बजारमा खोजी भइरहेको थियो। नेपाल संघीयतामा गइसकेपछि कर्णाली प्रदेशबारे अभिरुचि बढेका कारण यसको माग बढेको हुनसक्छ। सोही कारण सो पुस्तकको परिमार्जित संस्करण प्रकाशन गरिएको हो। यो पुस्तकमा आठ अध्याय छन्। साथै, दोस्रो संस्करणका भूमिकाका अतिरिक्त "एपिलग" थपिएको छ। पुस्तकका अरू अध्यायहरू भने यथावत् नै छन्। नेपालको पिछडिएको भनिएको र हालको एउटा प्रदेश कर्णालीबारे चासो, रुचि राख्ने सबैलाई यो पुस्तक उपयोगी छ। पुस्तकको विषयसूची निम्न लिंकमा हेर्न सकिन्छ : https://martinchautari.org.np/mc-publications/food-crisis-in-karnali

२) *नेपाल इन द लङ नाइन्टिन फिफ्टीज*

यो पुस्तक मार्टिन चौतारीका दुई अध्येता प्रत्यूष वन्त र लोकरञ्जन पराजुली तथा शुभचिन्तक मार्क लिक्टीले सम्पादन गर्नुभएको हो। नेपालको इतिहासमा सन् १९५० को दशक धेरै कारणले महत्त्वपूर्ण छ। यही दशकमा नेपालले एक शताब्दीभन्दा लामो जहानियाँ शासनबाट मुक्ति पाएको थियो। यो महत्त्वपूर्ण दशकलाई केन्द्रमा राखेर एउटा पुस्तक प्रकाशन गर्ने चौतारीको पहिल्यै देखिको योजना थियो। लामो समयदेखि यसको प्रयास भए पनि विभिन्न कारणले प्रकाशनको अवसर जुट्न सकेको थिएन। यो वर्ष सो पुस्तक प्रकाशन भएको छ। १० ओटा परिच्छेद र एउटा परिचय खण्ड भएको यो पुस्तकमा नेपाली र विदेशी अध्येताका लेखहरू संगृहीत छन्। यो पुस्तक प्रकाशन भएपछि यसमा धेरै पाठकको अभिरुचि भएको पाइयो। यो पुस्तक नेपालको राजनीति र समाजप्रति चासो राख्ने जोसुकैलाई उपयोगी छ। यो पुस्तकबारे थप जानकारी निम्न लिंक https://martinchautari.org.np/mc-publications/nepal-in-the-long-1950s बाट पाउन सकिन्छ।

३) *काठमाण्डू : अ रीडर*

काठमाडौँ नेपालको प्रमुखतम् शहर र देशको राजधानी समेत हो। सांस्कृतिक र आर्थिक रूपले समृद्ध यो शहर नेपालको सबैभन्दा ठूलो शहर हो। चचाँडो परिवर्तन भइरहेको यो शहरबारे नेपाली र विदेशीको उत्तिकै चासो छ। *काठमाण्डू : अ रीडर* ले साधारण पाठक र अन्य अध्येतालाई काठमाडौं शहर मात्र होइन उपत्यकाकै विभिन्न पहलूबारे जानकारी दिन्छ। बेन्जामिन लिन्डरले सम्पादन गरेको ५०० पृष्ठको यो पुस्तकमा १६ ओटा अध्यायका अतिरिक्त. परिचय र आफ्टरवर्ड पनि संलग्न छ। पुस्तकबारे थप निम्न लिंकमा उपलब्ध छ : https://martinchautari.org.np/mc-publications/kathmandu-a-reader

यो आर्थिक वर्ष *समाज अध्ययन* जर्नलको एक अंक र *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी (सिन्हास)* जर्नलका दुई अंक प्रकाशित भए। *समाज अध्ययन* को २० औँ अंकमा मा छ ओटा लेख, एउटा अभिलेख, दुइटा टिप्पणी र चार ओटा पुस्तक

समीक्षा छापिएका छन् । यो अंकलाई शिक्षा-इतिहास विशेष अंकका रूपमा प्रकाशन गरिएको छ । नेपालको शिक्षा इतिहास सम्बन्धी पाँच ओटा सामग्री यो अंकमा संगृहीत गरिएको छ । यो अंकको विषयसूची निम्न लिंकमा उपलब्ध छ : https://martinchautari.org.np/mc-publications/samaj-adhyayan-20

त्यस्तै, यो वर्ष प्रकाशित *सिन्हास* जर्नलको वर्ष २९ अंक २ (डिसेम्बर २०२४) मा पाँच ओटा अनुसन्धानात्मक लेख, छ ओटा पुस्तक समीक्षा र एउटा "नोट्स फ्रम द आर्काइभ" समावेश छ । यो अंकको विषय सूची निम्न लिंकमा उपलब्ध छ : https://www.martinchautari.org.np/mc-publications/sinhas-volume-29-number-2 । त्यस्तै, वर्ष ३० अंक १ (जुन २०२५) मा छ ओटा लेख र पाँच ओटा पुस्तक समीक्षा छन् । विषयसूचीका लागि हेर्नुहोस्, https://www.martinchautari.org.np/mc-publications/sinhas-volume-30-number-1 । सदा झैँ यी अंकमा पनि नेपाली र विदेशीहरूका लेख संगृहीत छन् ।

उल्लिखित प्रकाशनहरू बाहेक गत वर्षदेखि मार्टिन चौतारीका गतिविधिहरूलाई अझ व्यवस्थित र नियमित रूपले प्रचारप्रसार गर्ने उद्देश्यले अंग्रेजी भाषामा न्युजलेटर (बुलेटिन) प्रकाशन गर्न थालिएको थियो । अनलाइन प्रकाशन हुने यो न्युजलेटरलाई *Chautari Quarterly Newsletter* नाम दिइएको छ । यो आर्थिक वर्षमा प्रकाशित चार न्युजलेटरहरूका लिंक तल दिइएको छ ।

अंक ६. https://martinchautari.org.np/blogs/chautari-quarterly-newsletter-no-6-july-september-2024
अंक ७. https://martinchautari.org.np/blogs/chautari-quarterly-newsletter-no-7-october-december-2024
अंक ८. https://martinchautari.org.np/blogs/chautari-quarterly-newsletter-no-8-january-march-2025
अंक ९. https://martinchautari.org.np/blogs/chautari-quarterly-newsletter-no-9-april-june-2025

## १.३ । मार्टिन चौतारी पुस्तकालय

### *१.३.१ पुस्तक*

मार्टिन चौतारी पुस्तकालयमा यो आर्थिक वर्ष ४१४ थान पुस्तकहरू खरिद गरिए । यस बाहेक यो वर्ष विभिन्न संघ संस्था र व्यक्तिहरूबाट उपहार स्वरूप १,००५ थान पुस्तक, पुस्तिका, शोधपत्र, प्रकाशित/अप्रकाशित प्रतिवेदन, आदि प्राप्त भए । समग्रमा यस वर्ष पुस्तकालयमा १,४१९ थान पुस्तक तथा अन्य सामग्रीहरू थपिए । पुस्तकालयमा प्रयोग गरिएको कोहा सफ्टवेयरबाट उपलब्ध जानकारी अनुसार अहिले पुस्तकालयमा क्याटलग भइसकेका पुस्तक तथा अन्य सामग्रीको संख्या जम्मा २५,७२० पुगेको छ । यसमा पुस्तकहरूका साथै, ग्रन्थसूचीहरू, प्रकाशित/अप्रकाशित प्रतिवेदनहरू, शोधपत्रहरू पनि पर्दछन् । कुल सामग्रीहरूमध्ये जम्मा किताब २०,०१७ थान, प्रतिवेदन २,८५२ थान, शोधपत्र ३४० थान, पुस्तिका ६२५ थान, सन्दर्भ सामग्रीको सूची १३१ र बाँकी अन्य सामग्रीहरू छन् । भाषागत आधारमा हेर्ने हो भने अंग्रेजी भाषाका सामग्री १६,१५९ थान, नेपाली भाषाका ८,७२६ थान, हिन्दी १२७ थान, नेवारी ९३ थान र बाँकी अन्य भाषाका सामग्रीहरू छन् । यस बाहेक संकलित जर्नल, म्यागेजिन, स्मारिका तथा पत्रपत्रिका, जस्ता सामग्रीहरूको संख्या यसभित्र पर्दैन । यसको छुट्टै सूची बनाइएको छ र सो सूची चौतारीको वेबसाइटमा पुस्तकालय पेज (https://martinchautari.org.np/library) मा पनि हेर्न सकिन्छ । यस वर्ष पनि नेपाल बाहिरबाट प्रकाशित हुने तथा ढिलो गरी आइपुग्ने किताबहरू बाहिरबाट आउने शुभेच्छुकहरू मार्फत खरिद गरियो।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

### *१.३.२ जर्नल*

पुस्तकालयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलको संकलन कार्य जारी छ । नेपाल बाहिरबाट प्रकाशित जर्नलको संख्या २७ छ भने नेपालबाट प्रकाशित जर्नलहरूको शीर्षक संख्या ४४९ छ । यीमध्ये कतिपय जर्नलका पूरै तथा कतिपयका अपूरा सेट

पुस्तकालयमा भौतिक तथा डिजिटाइज्ड रूपमा उपलब्ध छन् । नयाँ शीर्षकका जर्नलहरू थप गर्न तथा पुरानो जर्नलका थप अंक जम्मा हुने कार्य यस वर्ष पनि निरन्तर रूपमा भयो । जर्नलका केही अंकहरू खरिद गरिए भने केही अंक शुभेच्छुक मार्फत उपहार स्वरूप प्राप्त भए ।

### *१.३.३ म्यागेजिन*

पुस्तकालयमा संकलित राजपत्र, म्यागेजिनहरू/मासिक, पाक्षिक र साप्ताहिक पत्रपत्रिकाहरूको व्यवस्थापन सजिलो होस् भन्ने हेतुले तिनलाई व्यवस्थित बुक बाइन्डिङ गर्ने गरिएको छ । यस आर्थिक वर्षमा पनि २१ थान त्यस्ता म्यागेजिनको बाइन्डिङ गरियो । हालसम्म पुस्तकालयमा जम्मा ३० शीर्षकका म्यागेजिनहरू बाइन्डिङ गरी राखिएका छन् । यसभित्र नियमित प्रकाशन भइरहेको तथा बन्द भइसकेका म्यागेजिनहरू पर्छन् । अहिले सम्ममा पुस्तकालयमा नेपाली भाषामा ३ र अङ्ग्रेजी भाषामा २ शीर्षकका म्यागेजिनहरू नियमित रूपमा खरिद गरी राख्ने गरिएको छ ।

### *१.३.४ पत्रिका*

पुस्तकालयमा १६ ओटा दैनिक तथा २ ओटा साप्ताहिक अखबारहरू नियमित खरिद गरी राख्ने गरिएको छ । दैनिक अखबारमध्ये नेपाली भाषाका ११ अखबार छन् भने अंग्रेजी भाषाका ५ अखबार छन् । यसै गरी साप्ताहिकमा दुवै थरी अखबार अंग्रेजी भाषाका छन् । पुस्तकालयमा संगृहित दैनिक अखबारहरूको सुरक्षा तथा प्रयोगकर्तालाई प्रयोग गर्न सजिलो होस् भन्ने हेतुले तिनको फाइलिङ गर्ने गरिएको छ । यस वर्ष पनि १३२ ओटा त्यस्ता पत्रिकाको फाइलिङ गरियो । पुस्तकालयमा संगृहित दैनिक/साप्ताहिक अखबारहरूको सूची चौतारीको वेबसाइटमा पुस्तकालय पेज अन्तर्गत राखिएको छ ।

### *१.३.५ व्यक्तिगत दान स्वरूप प्राप्त भएका सामग्रीको संग्रह र व्यवस्थापन*

*शिव रेग्मीको व्यक्तिगत संकलन*

साहित्यिक इतिहासकार शिव रेग्मीको निधन पश्चात् उहाँको परिवारबाट रेग्मीले व्यक्तिगत रूपले आफ्नो जीवन कालमा संकलन गर्नुभएका स्मारिका र म्यागेजिन मार्टिन चौतारीलाई हस्तान्तरण गरिएको थियो । केही त्यस्ता सामग्री रेग्मीले आफू जीवित रहँदै मार्टिन चौतारीलाई प्रदान गरिसक्नुभएको पनि थियो । शिव रेग्मी परिवारबाट प्राप्त स्मारिका तथा म्यागेजिनहरूको ४७२ शीर्षकहरू रहेका थिए जसमा थोरै संख्यामा स्मारिका र बाँकी साहित्यिक पत्रिकाहरू थिए । मार्टिन चौतारीले पहिल्यैदेखि संकलन गर्दैआएको र शिव रेग्मी परिवारबाट प्राप्त जम्मा गरी ८९० थरी म्यागेजिनहरू चौतारी पुस्तकालयमा रहेका छन् । शिव रेग्मीको संकलनमा रहेका म्यागेजिनका उपलब्ध अंकहरू सहितको सूची चौतारीको कोहा क्याटलग मार्फत नै निम्न लिंकमा गई हेर्न सकिन्छ: http://107.170.225.98/cgi-bin/koha/opac-detail.pl?biblionumber=22954&query_desc=kw%2Cwrdl%3A%20Aman%20garu)

*डा. कमलप्रकाश मल्लको व्यक्तिगत संकलन*

स्वर्गीय डा. कमल प्रकाश मल्लको संकलनमा रहेका सामग्रीहरू उहाँको परिवारबाट मार्टिन चौतारी पुस्तकालयलाई प्रदान गरिएको थियो । भाषा विज्ञानसँग सम्बन्धित पुस्तक, नेपाल भाषा साहित्य, अंग्रेजी तथा नेवारी शब्दकोषका साथै समाज विज्ञान सम्बन्धी करिब ४,०५८ थान पुस्तक र प्रतिवेदन तथा अन्य अप्रकाशित/हस्तलिखित अभिलेख/सामग्रीहरू स्व. मल्लको परिवारबाट मार्टिन चौतारीलाई केही वर्षअघि प्राप्त भएको थियो । प्राप्त सामग्रीमध्ये प्रिन्ट तथा हस्तलिखित कागजातहरू चौतारीले स्क्यान गरी तिनको डिजिटल प्रति सुरक्षित गर्ने काम सम्पन्न भइसकेको छ । त्यस्तै, प्राप्त किताब तथा प्रतिवेदनहरूमध्ये मार्टिन चौतारीले प्राथमिकता दिएका विषय/विधाका सामग्रीहरूलाई व्यवस्थित रूपले क्याटलगिङ गरी पुस्तकालयमा राख्ने काम पनि यो वर्ष सम्पन्न भयो । त्यस्ता पुस्तकाकार ७५० ओटा सामग्रीहरूलाई KPMalla Collection भन्ने शीर्षक दिई पुस्तकालयभित्र अलगै दराजमा राखिएको छ । बाँकी सामग्रीहरूको क्याटलगिङ र व्यवस्थापनको काम जारी छ ।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

*डा. मोहनमान सैंजूको व्यक्तिगत संकलन*

स्वर्गीय डा. मोहनमान सैंजू (यसपछि डा. सैंजू) को परिवारले उहाँको निजी संकलनमा रहेका विभिन्न पुस्तक, प्रतिवेदन, कार्यपत्र र अन्य दस्ताबेजहरू (यसपछि सामग्री) संरक्षण र सार्वजनिक प्रयोजनका लागि मार्टिन चौतारी पुस्तकालयलाई दान गर्ने इच्छा व्यक्त गरेको हुनाले दुई पक्षबीच सम्झौता गरी ती सामग्री मार्टिन चौतारी पुस्तकालयमा ल्याई व्यवस्थापनको काम शुरू गरियो। सम्झौता अनुसार मार्टिन चौतारीले सैंजूको संकलनमा रहेकामध्ये उहाँको परिवारद्वारा उपलब्ध गराइने ३५ ओटा कार्टुनमा रहेका सामग्रीको विस्तृत सूची तयार पार्ने तथा सामग्रीको प्रकृति हेरी पुस्तकाकार सामग्रीलाई मार्टिन चौतारीको पुस्तकालयमा क्याटलगिङ गरी राख्ने र सार्जवनिक प्रयोगका लागि उपलब्ध गराउने तथा फुटकर लेख/अभिलेख तथा दस्तावेजलाई तिनको सान्दर्भिकता र महत्त्व हेरी डिजिटाइज गर्दै जाने र अन्ततः सार्वजनिक प्रयोगका लागि राखिने उल्लेख छ। यो काम मे २०२५ देखि शुरू गरी दुई वर्षमा सम्पन्न गर्ने योजना छ।

मे २, २०२५ मा डा. सैंजूको परिवारबाट विभिन्न सामग्रीहरू राखिएका ३५ ओटा बक्स (कार्टुन) मार्टिन चौतारीलाई हस्तान्तरण गरिएश्चात् प्राप्त सामग्रीहरूको सूची बनाउन थालिएको थियो। जुलाई मध्य सम्ममा सूची बनाउने काम अन्तिम अवस्थामा पुगेको छ। उक्त सूची करिब ९० पृष्ठको छ। डा सैँजु परिवारले चौतारीलाई उपलब्ध गराएको ३५ ओटा बक्समा १४२ ओटा पुस्तक, ९६५ ओटा प्रतिवेदन, विभिन्न शीर्षकका २८ ओटा जर्नल र ३११ विविध (अप्रकाशित कार्यपत्र, चिठी-पत्र, आदि) दस्ताबेज गरी जम्मा १,४४६ ओटा सामग्री पाइयो। उपलब्ध सूचीलाई सरसर्ती अध्ययन गर्दा विकास-योजना, अर्थतन्त्र, कृषि, भूमि-सुधार, लैंगिक सशक्तीकरण, गरिबी निवारण, वन तथा प्राकृतिक स्रोत, जनसङ्ख्या/स्वास्थ्य, र सरकारी तथा गैरसरकारी निकायले विभिन्न समयमा प्रकाशित गरेका नीतिगत दस्ताबेज, आदि डा. सैंजूको संकलनमा रहेको देखिन्छ। सन् १९७० देखि १९९० बीचमा प्रकाशित भएका विशेष गरी नेपाल केन्द्रित सामग्री (प्रतिवेदन) को संख्या समेत डा. सैंजूको संकलनमा उल्लेखनीय मात्रामा रहेको छ। प्राप्त सामग्रीहरूलाई आगामी वर्षमा प्रकृतिका आधारमा पुस्तकालयमा क्याटलगिङ गरी राख्ने र छानिएका सामग्रीलाई स्क्यान गरी सुरक्षित गर्ने र सार्वजनिक उपयोगका लागि उपलब्ध गराइने छ।

### *१.३.६ डिजिटाइजेशन र न्युज क्लिपिङ्स*

पुस्तकालयमा न्युज क्लिपिङ्सको कामलाई निरन्तरता दिइयो। चौतारीमा हुने अनुसन्धानलाई ध्यानमा राखी विभिन्न शीर्षकका, जस्तै Book Review, Digital Technology, Higher Education, History, Language, Library, Media, Medical College, NGO/INGO, Research, School Education, Technical Education, आदिसँग सम्बन्धित क्लिपिङ्सहरूको डिजिटल फाइल बनाएर चौतारी पुस्तकालयको आर्काइभमा राखिएको छ। चौतारीले विभिन्न अखबार, अनलाइन पोर्टल र म्यागेजिनमा आएका लेख तथा समाचार समावेश गरी त्यस्ता न्युज क्लिपिङ्स तयार गर्दैआएको छ। यसका साथै चौतारीको सदस्य, कर्मचारी तथा अनुसन्धानकर्ताबाट लेखिएको लेखहरू पनि संकलन गरी Chautarian Review नामक फोल्डरमा सुरक्षित राखिएको छ। यी लेखहरू चौतारीको वेबसाइटको Chautarian Speak पेजमा पनि उपलब्ध छन्।

चौतारीले डिजिटल आर्काइभतर्फ पनि उत्तिकै ध्यान दिइरहेको छ। स्वर्गीय शिव रेग्मीको परिवारबाट प्राप्त म्यागेजिनहरूलाई मदन पुरस्कार पुस्तकालयले डिजिटाइज गरी ती म्यागेजिन र तिनको डिजिटल कपि मार्टिन चौतारीमा पुस्तकालयमा ल्याई राख्ने कार्य गत वर्ष सम्पन्न भयो। चौतारीमा संगृहित विभिन्न शीर्षकका जर्नल, बुलेटिन, म्यागेजिनका अंकहरू पनि डिजिटाइज गर्ने काम निरन्तर रूपमा अगाडि बढिरहेको छ। पुस्तक, जर्नल, म्यागेजिन बाहेक चौतारीलाई आवश्यक पर्ने लेखहरू जस्तै, नेपाल सम्बन्धी लेखहरूको डिजिटल संकलनको काम पनि अगाडि बढिरहेको छ। डिजिटल रूपमा पाइने १६ किसिमका दैनिक पत्रपत्रिकाहरू, म्यागेजिन, रिपोर्टहरू नियमित क्रमबद्ध रूपमा आर्काइभ गर्ने काम पनि जारी छ। अड हफ्टन आर्काइभमा भएका सामग्रीहरू स्क्यान गरी डिजिटाइज गर्ने कार्य पनि सम्पन्न भएको छ। यी सामग्रीहरूको सन् १९६८ देखि १९९६ सम्मका ३५ रेकर्ड फाइलहरू छन्। डिजिटाइज कार्य सम्पन्न भए तापनि यो आर्काइभ प्रयोगकर्ताको लागि उपलब्ध गराउन बाँकी नै छ।



MARTIN CHAUTARI KATHMANDU, NEPAL

चौतारीमा डिजिटल आर्काइभलाई विस्तार गर्ने सिलसिलामा यस वर्ष पनि मार्टिन चौतारीको पुस्तकालयमा पञ्चायत व्यवस्था सम्बन्धी थप १५३ ओटा ऐतिहासिक सामग्रीहरूको स्क्यान गरिएको छ । यीमध्ये पञ्चायती राज्यका विभिन्न निकायद्वारा व्यवस्थाको प्रचार वा प्रवर्द्धन गर्ने उद्देश्यले प्रकाशित गरिएका करिब सात दर्जन सामग्रीहरूलाई चौतारीको वेबसाइटमा राखिएको छ । ती सामग्री निम्न लिंकमा गई पढ्न सकिन्छ: www.martinchautari.org.np/blogs/panchayat-system. यसबाट बजारमा प्राय: अप्राप्य र विभिन्न स्थानमा छरिएका सामग्रीहरू अनुसन्धानकर्ताहरूका लागि एकै ठाउँमा पाउन सहज हुन पुगेको छ। यस्ता किसिमका सामग्रीहरू अरू पनि खोजेर आगामी दिनमा सर्वसुलभ गराउँदै लगिनेछ।

### *१.३.७ क्याटलग सुधार तथा अन्य काम*

पुस्तकालयको क्याटलगमा पुस्तक तथा अन्य सामग्रीहरू प्रविष्टि गर्दा भूलवश छिर्न पुगेका गल्तीहरू सुधार गर्ने कार्य निरन्तर रूपमा भइरहेका छन्। नेपाली भाषाका सामग्रीहरू क्याटलगमा सहजै भेटियोस् भन्ने उद्देश्यले तिनलाई नेपाली युनिकोड र रोमन अङ्ग्रेजी दुवै भाषामा प्रविष्टि गर्ने कार्य पनि निरन्तर रूपमा अगाडि बढिरहेको छ। दोहोरिएका पत्रपत्रिकाहरू रुजु गरी छुट्याएर राख्ने काम जारी नै छ । स्मारिकाको उचित व्यवस्थापनको लागि स्मारिकालाई दुई शीर्षकमा (अर्थात् शैक्षिक संस्था र बाँकी अरू) छुट्याएर राखिएको छ।

पुस्तकालयले चलाउँदै आएको अनलाइन क्याटलग कोहा होस्टिङको नवीकरण बानेश्वरको टेक आउट सोलुसन्स प्रा.लि. सँग गरिँदै आएको छ। नियमित सरसफाइका साथै कीराबाट किताब र न्याकलाई बचाउन समय समयमा फिनेल राख्ने काम गरिएको छ । अहिले पनि धमिराको सम्भावित जोखिम विचार गरी उपहार स्वरूप पाइएका पुराना किताब तथा पत्रपत्रिकाहरूलाई च्याम्बरमा हाली धमिराको औषधि गरेर मात्र पुस्तकालयभित्र मिसाउने गरिएको छ।

### *१.३.८ प्रयोगकर्ता*

यस आर्थिक वर्ष पुस्तकालयमा प्रयोगकर्ताको रूपमा १,०८७ जनाले नाम दर्ता गरेका छन्। साथै, प्रयोगकर्ता सबैले आफ्नो नाम दर्ता नगर्ने हुनाले माथि उल्लिखित संख्या यथार्थमा अझै बढी हुनसक्छ। पुस्तकालयले प्रदान गर्दैआएको विभिन्न नि:शुल्क सेवा सुविधामध्ये पुस्तक, पुस्तिका, प्रतिवेदन, शोधपत्र, म्यागेजिन, आदि सामग्रीको प्रयोग ५,३४२ पटक भएका छन्। पत्रपत्रिकाका आर्काइभ हेर्न नाम दर्ता गर्नेको संख्या ४८० छ। यस तथ्यांकमा चौतारीका सदस्य, अनुसन्धाता र कर्मचारीले लिएको सेवा गणना गरिएको छैन । प्रयोगकर्ताहरूले आफ्नो ल्यापटप वा अन्य उपकरण मार्फत अध्ययन कक्षमा बसेर आफ्नो अध्ययन अनुसन्धानको प्रयोजनका लागि नि:शुल्क इन्टरनेट चलाउन सक्छन्। फोटोकपि र प्रयोगकर्तालाई आवश्यक सामग्रीको स्क्यान स:शुल्क रूपमा उपलब्ध गराउने सेवालाई पनि यस आर्थिक वर्षमा निरन्तरता दिइयो। पुस्तकालयमा रहेमा सामाग्रीहरु चौतारीका कर्मचारी, अनुसन्धाता र सदस्यहरूले ३,४३७ पटक प्रयोग गरिएको छ।

MARTIN CHAUTARI KATHMANDU, NEPAL

## २। अनुसन्धान र ज्ञान उत्पादन

### २.१. राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासनपद्धति

### *२.१.१. संघीय संक्रमणकाल सम्बन्धी अनुसन्धान र बहस*

गएका केही वर्षमा ओपन सोसाइटी फाउन्डेशनको सहयोगमा नेपालको संघीय संक्रमणकालबारे छलफल तथा प्रकाशनका कामहरू गरिएका थिए । जस अन्तर्गत काठमाडौँ र बाहिर गरी विभिन्न सेमिनार तथा कार्यशालाहरू आयोजना गरिए भने संघीयता बारेको सन्दर्भसूची तथा दुई ओटा पुस्तकहरू प्रकाशन गरिए । गत वर्ष नै सो परियोजना सम्पन्न भयो । यस वर्ष नेपालको संघीय संक्रमणकालबारे अनुसन्धान र प्रकाशनका कामहरू नभए पनि केही छलफलहरू गरिए जस अन्तर्गत डेमोक्रेसी रिसोर्स सेन्टर सँगको सहकार्यमा डेमोक्रेसी डाइलग अन्तर्गत धेरैजसो छलफलहरू आयोजना गरिएका थिए । केही छलफल भने कर्णाली डिस्कोर्स सोसाइटी सँगको सहकार्यमा गरिएका हुन् । ती छलफलको सूची निम्नानुसार छ :

16 July 2024/१ साउन २०८१
*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
**स्थानीय तहमा योजना तर्जुमा र बजेट विनियोजन अभ्यास**
डा. सीता ढुंगाना, स्थानीय शासन विज्ञ/पूर्व-उपाध्यक्ष, गजुरी गाउँपालिका

20 August 2024/४ भदौ २०८१
*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
**नयाँ गठबन्धन र संविधान संशोधनको बहस**
प्रदीप ज्ञवाली, उपमहासचिव नेकपा (एमाले) र गिरिराजमणि पोखरेल, उपमहासचिव, नेकपा (माओवादी केन्द्र)

1 September 2024/१६ भदौ २०८१
**नेपाली कम्युनिस्ट पार्टी र मगरातको परिकल्पना**
डा. भोज विक्रम बुढामगर, स्वतन्त्र अनुसन्धाता

19 November 2024/४ मंसीर २०८१
*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
**दलहरूको आयव्यय र पारदर्शिता**
भोजराज पोखरेल, पूर्व प्रमुख आयुक्त, निर्वाचन आयोग नेपाल; मनिष झा, प्रतिनिधिसभा सदस्य तथा कार्यवाहक प्रवक्ता, राष्ट्रिय स्वतन्त्र पार्टी; र शान्तिमाया तामाङ पाख्रिन, सदस्य, केन्द्रीय लेखा आयोग, नेकपा (एमाले)

24 December 2024/९ पुस २०८१
*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*
**प्रस्तावित एकीकृत निर्वाचन व्यवस्थापन कानून र महिला प्रतिनिधित्व**
डा. बिन्दा पाण्डे, स्थायी कमिटी सदस्य, नेकपा (एमाले)

14 January 2025/१ माघ २०८१
*(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*
**काठमाडौँको संसदमा कर्णालीका नारी स्वर**
कान्तिका सेजुवाल, संसद, नेपाली काँग्रेस; छिरिङ ल्हामु लामा (तामाङ), सांसद, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र); र विनिता कठायत, संसद, राष्ट्रिय स्वतन्त्र पार्टी

21 January 2025/८ माघ २०८१
*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**उपलब्धि र चुनौतीको आलोकमा मधेश आन्दोलनका १८ वर्ष**

तुलानारायण साह, राजनीतिक विश्लेषक र पुष्पा ठाकुर, उपाध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल

2 February 2025/२० माघ २०८१

**Participation and Deliberation at the Local Level in the Federal Context of Nepal**

Vishnu Kumari Tandon, PhD, Governance and Citizen Engagement Consultant, World Bank, Washington DC and Program Manager, International Commission for Dalit Rights (ICDR)

11 February 2025/२९ माघ २०८१

*(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**१० वर्षे जनयुद्ध : कर्णालीले के पायो, के गुमायो** ?

नेत्र के.सी., पत्रकार/पूर्व संवाददाता, बीबीसी न्यूज नेपाली; मनऋषि धिताल, लेखक, *जनयुद्धकालीन डायरीहरू*, २०८०; र सत्य पहाडी, पूर्वमन्त्री तथा संविधानसभा सदस्य, नेकपा (माओवादी केन्द्र)

16 February 2025/४ फागुन २०८१

**समानुपातिकको भार र चुनावी खर्चको मारमा महिलाको राजनीतिक प्रतिनिधित्व**

दुर्गा कार्की, लेखक

18 February 2025/६ फागुन २०८१

*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**निर्वाचनमा 'थ्रेसहोल्ड'को बहस**

डम्बर खतिवडा, अभियन्ता, नागरिक पहिलो अभियान र मीनबहादुर विश्वकर्मा, प्रचार विभाग प्रमुख / केन्द्रीय सदस्य, नेपाली काँग्रेस

15 April 2025/२ वैशाख २०८२

*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**परिवर्तनको बहस : संविधानभित्र कि बाहिर** ?

हरि शर्मा, राजनीतिशास्त्री

13 May 2025/३० वैशाख २०८२

*(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**बजेटमा कर्णाली : कति सम्बोधन** ? **कति उपेक्षा** ?

प्रकाश ज्वाला, प्रतिनिधि सभा सदस्य/पूर्व मन्त्री तथा उपाध्यक्ष, नेकपा (एकिकृत समाजवादी); सीता कुमारी राना, प्रतिनिधि सभा सदस्य तथा केन्द्रीय सदस्य, नेपाली काँग्रेस; र हरिहर न्यौपाने, अध्येता तथा विश्लेषक

20 May 2025/६ जेठ २०८२

*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**गणतान्त्रिक परिकल्पनाको दुई दशक**

ठाकुरप्रसाद गैरे, प्रतिनिधिसभा सदस्य/पोलिटब्युरो सदस्य, नेकपा (एमाले)

15 July 2025/३१ असार २०८२

*(डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**लोकतन्त्रको कसीमा राजनीतिक दल र संस्कार**

इन्द्र अधिकारी, राजनीतिक विश्लेषक

### २.१.२. *मधेश र लुम्बिनी प्रदेशका युवा अधिकारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम*

सन् २०१८ देखि मार्टिन चौतारीले पैदल अनुसन्धान (Barefoot Research) अवधारणा अन्तर्गत भुइँ तहमा काम गरिरहेका विभिन्न अधिकारकर्मीहरूलाई उनीहरूकै रुचि र अनुभवमा आधारित रही विविध विषयमाथि अनुसन्धान र लेखन सम्बन्धी क्षमता अभिवृद्धिको उद्देश्य सहित विभिन्न चरणमा तालिम कार्यक्रम सञ्चालन गर्दैआएको छ। सन् २०२३ सम्म नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसीको आर्थिक सहयोगमा पहिलो चरणमा लुम्बिनी प्रदेशका १३ जना र दोस्रो चरणमा मधेश प्रदेशका १५ जना अधिकारकर्मीहरूलाई प्रतिस्पर्धात्मक विधिबाट छनोट गरी अनुसन्धान तथा लेखन प्रक्रियामा सहभागी गराइएको थियो भने सहभागीहरूले अनुसन्धान गरी लेखेका लेखहरूलाई समेटेर दुवै प्रदेशका छुट्टा छुट्टै दुई पुस्तकहरू (*पैदल अनुसन्धान : प्रयोग र उपलब्धि*; *मधेश प्रदेशमा पैदल अनुसन्धान*) प्रकाशन गरिएका थिए।

मार्टिन चौतारीकै नवीन अवधारणामा आधारित यस पैदल अनुसन्धान कार्यक्रमले यसको उपलब्धि र प्रभावका कारण निकै चर्चा पनि बटुल्यो। यसै अवधारणामा आधारित रही नेपालमा कार्यरत द एसिया फाउन्डेसनले लुम्बिनी र मधेश प्रदेशका सीमान्तकृत समुदायका अधिकारकर्मीहरूको अनुसन्धान तथा लेखन क्षमता विकास गर्न भनी पैदल अनुसन्धान परियोजना सञ्चालनका लागि गत वर्ष परियोजना प्रस्ताव आह्वान गरेको थियो। यसमा मार्टिन चौतारीले आवेदन दियो र छनोट पनि भयो। फाउन्डेसन सँगको सम्झौता अनुसार उक्त परियोजना सेप्टेम्बर २०२४ देखि अगस्त २०२५ सम्म लागू हुने उल्लेख थियो। जसमा मधेश प्रदेश र लुम्बिनी प्रदेशका १०/१० जना गरी जम्मा २० जना सीमान्तकृत समुदायका व्यक्तिहरूलाई उनीहरूले नै छानेका विषयमा अनुसन्धान तथा लेखनमा प्रशिक्षित गर्ने र कम्तिमा ३,००० शब्दका एक-एक ओटा मस्यौदा तयार पार्ने लक्ष्य लिइएको थियो।

यो परियोजनाका काम समाज कल्याण परिषद्बाट आवश्यक स्वीकृतिको प्रक्रियासँगै तोकिएको समयमै शुरू गरिएको थियो। केन्द्र र सम्बन्धित प्रदेशहरूमा परियोजनाका गतिविधिहरूलाई संयोजन र समन्वय गर्न काठमाडौंमा महेशराज महर्जन तथा दुवै प्रदेशमा एक-एक स्थानीय संयोजकहरू छनोट गरी परियोजनाका गतिविधिहरू अघि बढाइयो। पैदल अनुसन्धान कार्यक्रममा सहभागी हुन चाहने दुवै प्रदेशका सीमान्तकृत समुदायका सदस्यहरूबाट आवेदन आह्वान गर्दै अक्टोबर ३१, २०२४ सम्मको मिति दिइएको थियो। तोकिएको मिति सम्ममा दुवै प्रदेशबाट १२० जनाभन्दा बढी व्यक्तिहरूको आवेदन परेको थियो। नोभेम्बर अन्त, २०२४ सम्ममा ती आवेदकहरूको बायोडाटा अध्ययन गरी तथा योग्य ठहरिएका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट वा टेलिफोनबाट कुराकानी गरी उनीहरूको अनुसन्धान अवधारणा, रुचि, निश्चित विषयमा पैरवी गरेको अनुभव र आवश्यक प्रतिबद्धता बुझे पश्चात् ४२ जनालाई प्रारम्भिक छनोट गरियो। प्रारम्भिक छनोटमा परेका व्यक्तिहरूले लुम्बिनी र मधेश प्रदेशमा भएका कार्यशालाहरूमा आ-आफ्ना अनुसन्धान अवधारणा प्रस्तुत गरेपश्चात् उनीहरूमध्ये हरेक प्रदेशमा १०-१० जना गरी डिसेम्बर पहिलो हप्तामा जम्मा २० जना पैदल अनुसन्धानकर्ताहरू छनोट गरी (हेर्नुहोस् अनुसूची ३) उनीहरूसँग करारनामा गरियो। छनोट भएका पैदल अनुसन्धानकर्ताहरूमा आधाभन्दा बढी महिला प्रतिनिधित्व थियो भने सबै जना सीमान्तकृत समुदायका थिए। कार्यक्रमको उद्देश्य अनुसार सबै पैदल अनुसन्धानकर्ताहरू ४० वर्षभन्दा मुनिका थिए।

पैदल अनुसन्धानकर्ताहरू छनोट गरे लगत्तै दुवै प्रदेशमा छुट्टाछुट्टै तीन दिने अनुसन्धानं विधि कार्यशाला आयोजना गरियो। लुम्बिनीमा यो कार्यशाला डिसेम्बर २६-२८, २०२४ मा र मधेश प्रदेशमा जनवरी ५-७, २०२५ मा आयोजना गरियो। यस कार्यशालामा मार्टिन चौतारीका अनुसन्धाताहरूका साथसाथै पूर्व पैदल अनुसन्धाताहरू, स्थानीय क्षेत्रमा रही सीमान्तकृत समुदायका विविध मुद्दामा काम गर्ने विज्ञहरूलाई प्रशिक्षक तथा स्रोत व्यक्तिका रूपमा निम्त्याइएको थियो।
यस कार्यशाला पश्चात् अनुसन्धाताहरूलाई सुपरिवेक्षण गर्न काठमाडौं तथा सम्बन्धित प्रदेशबाट मेन्टरहरू छनोट गर्ने प्रक्रिया शुरू गरिएको थियो भने पैदल अनुसन्धानकर्ताहरूलाई आ-आफ्नो अनुसन्धान अघि बढाउन निर्देशन दिइएको थियो। तर यसैबीच जनवरी अन्तिम हप्ता २०२५ मा अमेरिकी सरकारले युएसएड मार्फत प्रदान गरिएका सहायता रोक्न गरेको निर्णयका आधारमा

दातृ संस्था द एसिया फाउन्डेसनबाट तत्कालै लागू हुने गरी यो परियोजना स्थगित गर्नू भनी अनुरोध प्राप्त भयो । शुरूमा ९० दिनका लागि स्थगित गर्न अनुरोध गरिएको भए पनि अन्तत: कार्यक्रम नै खारेज हुनपुग्यो र यो पैदल अनुसन्धान कार्यक्रम बीचमै रोक्नुपर्ने अवस्था आयो । यस परियोजनामा संलग्न सबै कर्मचारी, परामर्शदाता तथा पैदल अनुसन्धानकर्ताहरूलाई सोही अनुरूप जानकारी गराएर कार्यक्रम अन्त्य गरियो ।

### *२.१.३ नागरिक समाजबारे अनुसन्धान र बहस*

मार्टिन चौतारीले गएका वर्षहरूमा देशका विभिन्न स्थानमा आयोजना गरेका कार्यशालाहरूमा सहभागीहरूले सुनाएका अनुभव तथा धारणा र तीनै तहका सरकारहरूले जारी गरेका नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा गरी एक अनुसन्धान प्रतिवेदनको पहिलो मस्यौदा गत वर्ष तयार पारिएको थियो । देवराज हुमागाईंद्वारा लिखित सो मस्यौदालाई आवश्यक परिमार्जन गरी यो वर्ष मार्टिन चौतारीको वेबसाइटमा प्रकाशन गरियो । नेपालमा गैरसरकारी संघसंस्था सञ्चालन गरिरहेका व्यक्तिहरूले नागरिक स्पेस खुम्चिँदै गएको अनुभव गरेको विषयलाई यस प्रतिवेदनले उजागर गरेको छ । साथै, सामाजिक संघसंस्था सम्बन्धी तीनै तहको सरकारका कानूनी प्रबन्धको विश्लेषणले पनि राज्य नागरिक समाजप्रति झन् अनुदार बन्न थालेको निष्कर्ष प्रतिवेदनमा छ । प्रतिवेदनको पूरा पाठ यो लिंकमा उपलब्ध छ: https://www.martinchautari.org.np/mc-publications/laws-and-practices-of-the-nepali-state-regarding-civil-society-organizations

यसका अतिरिक्त नागरिक समाजसँग सम्बन्धित एउटा प्यानल छलफल पनि मार्टिन चौतारीको नियमित छलफल शृंखला अन्तर्गत आयोजना गरियो । उक्त छलफलको विवरण यसप्रकार छ :

1 April 2025/१९ चैत्र २०८१

**नेपालमा वैदेशिक सहयोगको प्रभावकारिता : विगतको समीक्षा र भावी रणनीति** (प्यानल छलफल)

आस्था भट्ट, अर्थशास्त्री, इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज

दिपक राज सापकोटा, कार्यकारी निर्देशक, करुणा फाउन्डेशन

योगनाथ पौडेल, पूर्वउपसचिव, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय

डा .वैकुण्ठ अर्याल, पूर्वमुख्यसचिव, नेपाल सरकार

सहजकर्ता: डा .उत्तम शर्मा, सिनियर रिसर्च साइनटिस्ट, इन्स्टिच्युट फर सोसल एण्ड इन्भाइरोमेन्ट रिसर्च - नेपाल

### *२.१.४ स्वास्थ्य र वातावरण सम्बन्धी बहस*

यो आर्थिक वर्षमा पनि मार्टिन चौतारीले स्वास्थ्य र वातावरण सम्बन्धी ९ ओटा छलफल आयोजना गऱ्यो । ती छलफलको सूची निम्नानुसार छ :

5 August 2024/२१ साउन २०८१

**Why the Chure Draft Bill?**

Susmita Dhakal, PhD, Member of Rastrapati Chure Tarai Madhesh Conservation Development Board Nepal; and Naya Sharma Paudel, PhD, Environment and Governance Specialist

18 August 2024/२ भदौ २०८१

**Co-creating a Shared Vision for a Regenerated Landscape: A Case Study of a Sub-urban Wetland in the Kathmandu Valley, Nepal**

Anu Rai, President, Sustainability and Environmental Studies Endeavor (SENSE)

15 September 2024/३० भदौ २०८१

**The National Health Insurance Program Design and Implementation Bottlenecks – Paving the Path towards Universal Health Coverage in Nepal: A Qualitative Study**

Gaj Gurung, PhD, Senior Analyst in Sustainable Financing, Harm Reduction International, UK

3 December 2024/१८ मंसीर २०८१

*पुस्तक छलफल*

**रमेश भुसाल लिखित *छालबाटो : कैलाशदेखि गङ्गासम्म* (२०८१)**

मधुकर उपाध्या, जलाधार विज्ञ र रमेश भुसाल, लेखक

23 February 2025/११ फागुन २०८१

**Exploring Sustainability in Trophy Hunting Practices at Dhorpatan Hunting Reserve, Nepal: A Balancing Act?**

Kamal Thapa, PhD, Nepali Biodiversity Researcher/Chief Executive Officer, Dreamer Himalaya Expedition

4 March 2025/२० फागुन २०८१

**From Tiger Victim to Conservation Hero: Understanding the Rebuilding Process of Wildlife Attack Survivors in Bardiya National Park**

Nolwen Vouiller, PhD Candidate in Anthropology, EHESS-Paris, France and ULiège, Belgium

16 March 2025/३ चैत्त २०८१

**मिथक तोड्दै गुलाबी संवाद : नेपालको यौन स्वास्थ्यका संवेदनशील सवालहरू**

सबिता आचार्य; र करुणा देवकोटा; को-फाउण्डर/कन्टेन्ट क्रियटर, गुलाबी संवाद

22 April 2025/९ वैशाख २०८२

*(क्लिन इनर्जी नेपाल र मार्टिन चौतारीको संयुक्त आयोजनामा)*

**काठमाडौँ उपत्यकामा बढ्दो वायु प्रदूषण : के हाम्रा लागि यो सामान्य बन्दै गएको हो ?**

अमिता थापा मगर, विज्ञ सहजकर्ता, एनडीसी पार्टनरसीप/प्राविधिक सल्लाहकार, नेपाल वायु सुधार अभियान; र इना मूल, वातावरणविद्/अनुसन्धाता

8 June 2025/२५ जेठ २०८२

*Book Discussion*

**Implementing a Global Health Programme: Smallpox and Nepal**

Dr Susan Heydon, Author, University of Otago; and Dr Anup Subedee, Kirtipur Hospital

### २.२। ज्ञान उत्पादन र वितरण

#### *२.२.१। मिडिया तथा डिजिटल अधिकार*

यस वर्ष मिडिया तथा डिजिटल अधिकार सम्बन्धी निम्न छलफलहरू भए :

1 August 2024/१७ साउन २०८१

**Livelihoods and Market of Photography and Photojournalism**

Kabita Thapa, Gorkhapatra Sansthan; Prakash Mathema, AFP and Om Prakash Yadav, PhotoWalk Nepal

9 August 2024/३ भदौ २०८१

***Nepal in Polish Print Media of the Interwar Period***

Paulina Stanik, PhD Candidate, Faculty of Modern Languages, University of Warsaw, Poland

17 November 2024/२ मंसीर २०८१

**Sexual Harassment Through Social Media: A Case of Girls Students in Balkumari, Lalitpur, Nepal**

Geeta Shrestha, Asia Pacific Regional Planning, Monitoring and Evaluation Officer; International Federation of Red Cross and Red Crescent Societies (IFRC)

10 December 2024/२५ मंसिर २०८१

*(कर्णाली डिस्कोर्स सोसाइटी र मार्टिन चौतारीको संयुक्त आयोजना)*

**बोलीचाली र मिडियामा खस भाषाको प्रयोग**

रमानन्द आचार्य, खस भाषा शब्दकोशकार र जगत वाशिष्ठ, खस जुम्ली भाषा पृष्ठ संयोजक, गोरखापत्र

9 March 2025/२५ फागुन २०८१

**Legacy Media in Limbo: Traditional Media's Inability to Answer the Digital Challenge**

Himali Dixit, Director, Special Projects, Himalmedia; and Binu Subedi, Journalist, Setopati

Moderator: Eva Kafle, Kathmandu University School of Arts

#### २.२.२। शिक्षा अनुसन्धान

#### *२.२.२क। नेपालमा विद्यालय शिक्षाको इतिहास, सन् १९००-१९९०*

स्पेन्सर फाउन्डेशन, अमेरिकाको आर्थिक सहयोगमा अप्रिल २०२३ बाट "नेपालमा विद्यालय शिक्षाको इतिहास सन् १९००-१९९०" अनुसन्धान परियोजना शुरू भएको छ। विशेष गरी नेपालमा विद्यालय शिक्षाको "सामुदायिक इतिहास" लेखनमा केन्द्रित उक्त अनुसन्धान परियोजना मार्च २०२६ सम्म सञ्चालन हुनेछ। चौतारीका शिक्षा समूहका अनुसन्धाताहरू विद्यालय शिक्षाको इतिहासका विभिन्न पक्षबारे अनुसन्धान गरिरहेका छन्। यो परियोजना अन्तर्गत यो वर्ष अर्जुन पन्थीले भोजपुरको दिङ्लास्थित संस्कृत पाठशाला र त्यसका संस्थापक षडानन्द अधिकारी र देवेन्द्र उप्रेतीले कृष्णप्रसाद कोइराला र उनले राणा कालमा सार्वजनिक शिक्षा विस्तारका लागि गरेका विभिन्न प्रयत्नबारे अनुसन्धान गरेका थिए। त्यसै गरी, राणाकालको अन्ततिर शुरू भई २००७ सालपछि नेपालमा बोर्डिङ स्कूल खोल्न भएका विभिन्न प्रयासबारे लोकरञ्जन पराजुली र रुख गुरुङले अनुसन्धान गरेका थिए। त्यस्तै, शिक्षामा तामाङ समुदायको लैंगिक असमानता सम्बन्धी सन्जिला मोक्तानले अनुसन्धान गरेकी थिइन्। यिनै अनुसन्धानका उपजका रूपमा पन्थी, उप्रेती, पराजुली र गुरुङका लेखले *समाज अध्ययन* अंक २० [शिक्षा-इतिहास विशेष] मा स्थान पाएका छन् (थप तल)। यसै परियोजना अन्तर्गत बिर्सना श्रेष्ठले चन्द्रकान्ता मल्ल र उनको नेतृत्वमा खोलिएको कन्या पाठशाला, सन्जिला मोक्तानले वि.सं. २००३ सालमा काठमाडौँ न्यौखामा खोलिएको कन्या मन्दिर विद्यालय, देवेन्द्र उप्रेतीले राणाकालको उत्तरार्धतिर धरानमा स्कूल खोल्न भएका विभिन्न प्रयत्न र रुख गुरुङले स्याङ्जामा राणा कालमा खुलेको

भाषा पाठशालाको अनुसन्धान गरिरहेका छन् । त्यसै गरी, सेन्ट जेभियर्स स्कूलमा पढ्दाका अनुभवमा आधारित भएर प्रत्यूष वन्तले एक संस्मरणात्मक आलेख लेख्दैछन् भने लोकरञ्जन पराजुलीले पोखराको पहिलो आधुनिक विद्यालयबारे अनुसन्धान गर्दैछन् ।

नेपालमा विद्यालय शिक्षाको इतिहासका विभिन्न पक्षका केन्द्रित रहेर चौतारीका अनुसन्धाताले गत वर्ष झै यस वर्ष पनि विभिन्न प्रस्तुति दिए । सोसल साइन्स वहा:ले २०२४ को जुलाई अन्तिम हप्ता आयोजना गरेको "The Annual Kathmandu Conference on Nepal and the Himalaya" मा प्रत्यूष वन्तले गोपाल पाण्डे र "राष्ट्रभाषा शिक्षा प्रणालीबारे, लोकरञ्जन पराजुलीले नेपालमा सह-शिक्षाको बहसबारे र रुख गुरुङले भारतको देहरादूनमा स्थापित थमन होस्टलबारे कार्यपत्र प्रस्तुत गरेका थिए । सेप्टेम्बर १३, २०२४ मा चौतारीले काभ्रेपलान्चोकस्थित दाप्चामा "दाप्चाको शैक्षिक इतिहास : शिक्षामा स्थानीय समुदायको पहुँच" विषयक खुला छलफल कार्यक्रम आयोजना गरेको थियो । शैक्षिक इतिहासमा रुचि राख्ने करिब दुई दर्जन स्थानीय सहभागीहरू उपस्थित सो कार्यक्रममा दाप्चाको शैक्षिक इतिहासबारे सन्जिला मोक्तानले प्रस्तुति दिएकी थिइन् । त्यसै गरी, मार्टिन चौतारी, काठमाडौँ, पाठक मञ्च र उन्नत नीति इन्स्टिच्युट, बुटवलको संयुक्त आयोजनामा डिसेम्बर २७, २०२४ मा बुटवलमा "नेपालमा प्राज्ञिक अनुसन्धान परम्परा र शिक्षाको 'गैर राज्यकेन्द्रित' इतिहास लेखन" विषयक खुला संवाद कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा मार्टिन चौतारीबाट प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेतीले बोलेका थिए । साथै, नोभेम्बर २७ देखि २९, २०२४ मा मार्टिन चौतारीमा आयोजित चौतारी वार्षिक सम्मेलनमा विद्यालय शिक्षाको इतिहासबारे दुई ओटा प्यानल छलफल आयोजना गरिएको थियो । जसमध्ये पहिलो प्यानलमा अर्जुन पन्थी, देवेन्द्र उप्रेती र सन्जिला मोक्तान र दोस्रो प्यानलमा लोकरञ्जन पराजुली, रुख गुरुङ र प्रत्यूष वन्तले प्रस्तुति दिएका थिए (हेर्नुहोस्, https://martinchautari.org.np/blogs/chautari-annual-conference-2024-program-schedule) । काठमाडौँ महानगरपालिकाले जुन २७-२८, २०२५ मा आयोजना गरेको Educational Conference on Enabling Innovations in Education Planning & Implementation मा चौतारीका अनुसन्धाताद्वय लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेतीले "सङ्घीय शिक्षा ऐन" निर्माणमा भएको अलमल र ढिलाइबारे प्रस्तुति दिएका थिए । विद्यालय शिक्षाबारे चौतारीले गरेका अनुसन्धानको उपजहरू विभिन्न स्वरूपमा बाहिर आएका छन्, जसको विवरण यसप्रकार छ :

*लेख*

